# सर्वोच्च अदालतको विज्ञप्ती

सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश नयनबहादुर खत्रीको मिति २०७६ साल जेठ ८ गते बुधबार राति भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहत भएका छौं। पूर्व प्रधान न्यायाधीश खत्रीको असामयिक निधनबाट न्याय, कानून र मानव अधिकारको क्षेत्रमा अपूरणीय क्षति पुग्न गएको छ। सर्वोच्च अदालतको न्यायाधीश र प्रधान न्यायाधीशको रुपमा लामो समयसम्म सेवारत रही उहाँले स्वतन्त्र न्यायपालिकाको मूल्य र मान्यतालाई स्थापित गर्दै समग्र न्यायपालिकाको श्रीबृद्धिका लागि अतुलनीय योगदान पुऱ्याउनु भएको थियो। उहाँले न्याय र कानूनको क्षेत्रमा पुऱ्याउनु भएको योगदानको उच्च सम्मान गर्दछौं। उहाँले न्याय र कानूनको क्षेत्रमा पुऱ्याउनुभएको योगदान सदैव स्मरणीय रहिरहने छ। संवैधानिक एवं देवानी कानूनका क्षेत्रमा विशेष दखखल राख्ने निर्भिक, अत्यन्त मिलनसार, सहृदयी, मृदुभाषी, न्यायका मर्मज्ञ, कानूनका ज्ञाता एवम् अनुभवी न्यायिक व्यक्तित्वका रुपमा रहनु भएका स्वर्गीय खत्री न्याय र कानूनका क्षेत्रमा आदर्श व्यक्तित्व हुनुहुन्थ्यो। उहाँको योगदान भावी पुस्ताका लागि सदैव प्रेरणादायी र मार्गदर्शक रहिरहने छ।

ललितपुर जिल्लामा मिति १९८० साल असोज ३ गते जन्मनु भएका पूर्व प्रधान न्यायाधीश खत्री कानून मन्त्रालयको सचिव पदमा कार्यरत रहँदाको अवस्थामा २०१६ सालमा सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त भई मिति २०३३।४।२४ मा प्रधान न्यायाधीशमा नियुक्त हुनु भई मिति २०४२।८।२५ बाट सेवा निवृत्त हुनुभएको थियो।

सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश नयनबहादुर खत्रीको दुःखद् निधन भएको शोकको यस घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

पूर्व प्रधान न्यायाधीश नयनबहादुर खत्रीको असामयिक निधनमा शोक प्रकट गर्न यहीं मिति २०७६ साल जेठ १२ गते आइतबार एक दिन नेपाल भरका जिल्ला अदालत, उच्च अदालत, सर्वोच्च अदालत, विशेष अदालत तथा न्यायाधिकरणहरू शोक विदाको रूपमा बन्द रहने भनी सर्वोच्च अदालतको आज मिति २०७६।२।११ मा बसेको आकस्मिक पूर्ण बैठकले निर्णय गरेको बेहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

२०७६।२।११

नृपध्वज निरौला
मुख्य रजिष्ट्रार
सर्वोच्च अदालत